# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलाचुली, इलाम ।

प.सं.- २०८१।०८२
च.नं -

कोशी प्रदेश, नेपाल

मिति - २०८१।११।२८

**<u>नियम विपरित माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्य निषेध गरिएको सम्बन्धी सार्वजनिक सूचना ।</u>**

चुलाचुली गाउँपालिकाको सबै वडाहरु ( वडा नं १ देखी ६ सम्म ) मा हालसम्म यस गाउँपालिकाको कार्यालयले निजी जग्गा, सार्वजिनक जग्गा तथा चुरेक्षेत्रबाट माटो उत्खनन् तथा ओसारपसारका लागि कुनै पनि किसिमको इजाजतपत्र, अनुमति पत्र वा स्वीकृति पत्र प्रदान नगरिएको व्यहोरा जानकारी गराईन्छ । चुलाचुली गाउँपालिका क्षेत्रबाट निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार कार्य गाउँ कार्यपालिकाबाट स्वीकृत **निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि,२०८१** बमोजिम मात्र पाइने व्यवस्था रहेको हुँदा उक्त कार्यविधिले तोकेको सम्पूर्ण प्रकृयाहरु पुरा गरि गाउँपालिकाको कार्यालयबाट जारी गरिएको उक्त कार्यविधिको अनुसूची -२ बमोजिमको <u>निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र</u> प्राप्त गरेर मात्र सो कार्य गर्न पाइने हुँदा उक्त नियम विपरित निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्य निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । नियम विपरित माटो उत्खनन् तथा ओसारपसार कार्य भए/गरेको पाइए प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>बोधार्थ</u>

श्री जिल्ला प्रशासन कार्यालय, इलाम ।
श्री जिल्ला समन्वय समिति, इलाम ।
श्री वडा कार्यालयहरु सबै (१-६), चुलाचुली गाउँपालिका, इलाम ।
श्री प्रहरी चौकी पेल्टीमारी, चुलाचुली-३, इलाम ।
श्री सव डिभिजन वन कार्यालय, चुलाचुली-२, इलाम ।

२०८१।११।२८

दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत